# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) धनगढी, नेपाल, जेष्ठ ३० गते, २०८० साल (अतिरिक्ताङ्क १

## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानुन मन्त्रालय

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको ऐन नं. १

**सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेश आर्थिक ऐन,२०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश आर्थिक (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को अनुसूची-२ को खण्ड (क) र खण्ड (ग) मा संशोधनः** सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को अनुसूची-२ को,-

(१) खण्ड (क) सवारी साधन करको क्रम संख्या २. पछि देहायको क्रम संख्या ३.(क), (ख) र क्रम संख्या ४.(क) थपिएका छनः-

| “३. निजी विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
|---|---|---|
| (क) | मोटरसाइकल/स्कुटर | वार्षिक कर दर |
| | (अ) ५०० वाटसम्म | रु.१,०००/- |
| | (आ) ५०१ वाट भन्दा माथि १००० वाटसम्म | रु.१,५००/- |
| | (इ) १००१ वाट भन्दा माथि १५०० वाटसम्म | रु.२,०००/- |
| | (ई) १५०१ वाट भन्दा माथि सबै | रु.३,०००/- |
| (ख) | कार, जीप, भ्यान, माइक्रोबस र बस | |
| | (अ) ४९ किलो वाटसम्म | रु.१०,०००/- |
| | (आ) ४९ किलो वाट भन्दा माथि १२५ किलो वाटसम्म | रु.१५,०००/- |

| | | |
|---|---|---|
| | (इ) १२५ किलो वाट भन्दा माथि २२५ किलो वाटसम्म | रु.२०,०००/- |
| | (ई) २२५ किलो वाट भन्दा माथि सबै | रु.३०,०००/- |
| ४. सार्वजनिक विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
| (क) | कार, जीप, भ्यान, माइक्रोबस र बस | वार्षिक कर दर |
| | (अ) ४९ किलो वाटसम्म | रु.२,५००/- |
| | (आ) ४९ किलो वाट भन्दा माथि १२५ किलो वाटसम्म | रु.४,५००/- |
| | (इ) १२५ किलोवाट भन्दा माथि २२५ किलो वाटसम्म | रु.१०,०००/- |
| | (ई) २२५ किलोवाट भन्दा माथि सबै | रु.१५,०००/-" |

(२) खण्ड (ग) विविधको क्रम संख्या १२. पछि देहायको क्रम संख्या १३. थपिएको छः-

"१३. पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा प्रचलित कानुन बमोजिम लाग्ने सवारी साधन करमा बिस प्रतिशत छुट हुनेछ ।"

**प्रमाणीकरण मितिः-२०८०।०२।३०**

**आज्ञाले,**
**विश्वदीप वेस्रा**
**प्रदेश सरकारका निमित्त सचिव**

मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-